# नेपाल आयल निगम लि.को खाना पकाउने ग्यास एल.पि.ग्यास प्रयोगकर्ताहरुलाई सुरक्षा सम्वन्धी अति आवश्यक जानकारी

एल.पि.ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्र्थ भएकोले यसको पर्याप्त सर्तकता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुत्याउन सम्पुर्ण उपभोक्ता बर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१) सिलिण्डर ल्याउदा लैजादा नगुडाऔ । भान्सामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गरौ । सुताएर घोप्टाएर प्रयोग नगरौ ।

२) रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरु गुगास्तर भएको मात्र प्रयोग गरौ, साथै हरेक दुई बर्षमा ग्याँसको पाइप फेरौ । खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौ र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

३) काम सकिसकेपछि सधै रेगुलेटर बन्द गर्न नबिसौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु ः**

१) खाना पकाउने स्थानमा एल.पि.ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिरहेको छ भन्ने बुझ्नुपर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नट बन्द गरौ ।

२) ग्याँस हावाभन्दा गह्रौ हुने भएकोले तल भुईमा बस्छ, यस्तो अवस्थामा झ्याल ढोको सबै खुल्ला गरौ र आगोको झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुलो, सलाई, लाइटर, धुप आदि नबालौ । साथै बिजुलीबत्ती लगाएत कुनै पनि बस्तु नचलाऔ ।

३) ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौ र छिटो भन्दा छिटो नजिकको ग्याँस विक्रेता वा सम्वन्धित ग्याँस उद्योगलाई खबर गरौ ।

***सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो । उपभोक्ताको हितमा नेपाल आयल निगम लि.***

नेपाल आयल निगम

**नेपाल आयल निगम लिमिटेड**

केन्द्रिय कार्यालय बबरमहल

फोन नं ४२६२९७०, ४२६३४८५